नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
# सडक विभाग

वेव : www.dor.gov.np
फ्याक्स : ०१-५५२९०७५
फोन : ०१-५५२९१०६

बबरमहल, काठमाण्डौ ।
हाल : चाकुपाट, ललितपुर ।

प.सं. ०७४/७५
चलानी नं. ७११.

मिति २०७४/०६/२६

**विषय : बोलपत्रको म्याद थप सम्बन्धमा ।**

श्री योजना तथा डिजाईन महाशाखा, सडक विभाग, चाकुपाट, ललितपुर ।

श्री बैदेशिक महाशाखा, सडक विभाग, चाकुपाट, ललितपुर ।

श्री पुल महाशाखा, सडक विभाग, चाकुपाट, ललितपुर ।

श्री संभार महाशाखा, सडक विभाग, चाकुपाट, ललितपुर ।

श्री यान्त्रिक महाशाखा, सडक विभाग, चाकुपाट, ललितपुर ।

श्री आयोजना निर्देशनालय, (ADB) निर्देशनालय, विशालनगर ।

श्री उत्तर दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय, सडक विभाग, चाकुपाट, ललितपुर ।

श्री सबै क्षेत्रीय सडक निर्देशनालयहरु ।

प्रस्तुत विषयमा नेपाल निर्माण व्यवसायी महासंघको च.नं. १३८/०७४/७५ मिति २०७४/६/२५ को निर्माण कार्य खरिदका बोलपत्र सम्बन्धी कार्यहरुको म्याद थपका लागि अनुरोध भई आएको पत्रको प्रतिलिपी यसै साथ संलग्न छ ।

महासंघको उक्त अनुरोधको सन्दर्भमा तहाँ र अर्न्तगत निकायहरुबाट हाल आह्वान भएका बोलपत्रहरुका सम्बन्धमा स्थानीय परिवेश, निर्माण व्यवसायीहरुको सहभागिताको संभावना र अवस्था, निर्माण व्यवसायी महासंघको उल्लेखित माग आदिलाई ध्यानमा राखि बढी भन्दा बढी प्रतिस्पर्धा हुने गरी बोलपत्र खरिद र दाखिला गर्ने म्याद सम्बन्धमा आवश्यक व्यवस्था गर्नु गराउनु हुन अनुरोध छ ।

६।२६
(अर्जुन जंग थापा)
**नि. महानिर्देशक**

**बोधार्थ**
श्री नेपाल निर्माण व्यवासयी महासंघ
अनामनगर, काठमाण्डौ ।

# नेपाल निर्माण व्यवसायी महासंघ
**FEDERATION OF CONTRACTORS' ASSOCIATIONS OF NEPAL(FCAN)**

(An umbrella organization of 5 regional, 75 district contractors' assocations and associate members)

Regular Members of International Federation of Asian & Western Pacific Contractors' Associations (IFAWPCA)


चलानी नं. १३८/०७४/०७५ मिति : २०७४/०६/२४

श्रीमान् सचिवज्यू,
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

योजना तथा डिजाईन महाशाखा
दर्ता नं:- ५६५
मिति:- ०७४।६।२५

१५४१
६।२८

**विषय : वोलपत्र प्रकृया स्थगित तथा म्याद थप सम्बन्धमा ।**

महाशय,

नेपालका सम्पूर्ण निर्माण व्यवसायीहरुको छाता संस्था तथा उद्योगहरुको पनि उद्योग नेपाल निर्माण व्यवसायी महासंघका श्रद्धेय अध्यक्ष श्री शरद कुमार गौचनज्यूको मिति ०७४/०६/२३ गते दिउसो आफ्नो घरवाट महासंघ आउने क्रममा सवार गाडीमा अगाडिको शिसाबाट गोली हानी गरिएको अतातायीपूर्ण हत्या प्रति घोर भर्त्सना र क्षोभ व्यक्त गर्दै हाम्रा श्रद्धेय अध्यक्षज्यू माथि भएको यस दुःखद र शोक पूर्ण घडीमा देश भरका सम्पूर्ण निर्माण व्यवसायीहरु शोकमा रहे भएकाले त्यस मन्त्रालय अन्तर्गत गरिने सार्वजनिक निर्माण खरिदका वोलपत्रहरुमा व्यवसायीहरु समावेश हुन कठिनाई रहे भएकोले तत्काल निर्माण कार्य खरिदका वोलपत्र सम्बन्धी कार्यहरु स्थगित गरी तत्काल म्याद थपका लागि मातहतका कार्यालयहरुमा निर्देशका लागि अनुरोध छ ।

(राम शरण देउजा)
महासचिव

(बिष्णुभाइ श्रेष्ठ)
का.वा. अध्यक्ष

**बोधार्थ तथा कार्यार्थ**

१. श्रीमान् महानिर्देशकज्यू,
सडक विभाग,
पाटन, ललितपुर । **(आवश्यक व्यवस्थाका लागि अनुरोध छ )**

२. श्रीमान् महानिर्देशकज्यू,
रेलवे विभाग,
विशालनगर, काठमाण्डौं । **(आवश्यक व्यवस्थाका लागि अनुरोध छ )**

श्री PIMEU


P.O.Box: 8975 EPC 5045, Anamnagar, Kathmandu, Nepal, Tel: 4218159, 4218187, 4221611, Fax: +977-1-4218231
E-mail: fcan8975@gmail.com, fcan@wlink.com.np, Website: www.fcan.org.np